YUNNAN DAILY PRESS GROUP
Issue No. 20

# CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २५, अंक ३१, २०७६ साल कार्तिक ६ गते बुधवार
YEAR 25, ISSUE 31, OCTOBER 23, 2019



# युन्नान र नेपाल : असल मित्र मिलेर काम गरौँ







चीन र नेपाल हिमाल र नदीले जोडिएको देश हो र पुस्तौँदेखि दुई देशको मैत्री सम्बन्ध छ। चीन र नेपालको सम्बन्ध चौतर्फी रूपमा विकसित भएको छ, द्विपक्षीय उच्चस्तरीय आदानप्रदान निकट भएको छ, ठूला आर्थिक र व्यापारिक परियोजनाहरूले क्रमशः नतिजा हासिल गरेका छन् र सांस्कृतिक आदानप्रदानका धेरै हाइलाइटहरू छन्। चीन-नेपाल सहयोगको अग्रपंक्तिमा रहेको युन्नान र नेपालबीचको परम्परागत मित्रता र सहयोग अझ गहन हुँदै गएको छ।

**राम्रो सहयोगको नमुना**

नेपालसित चीनका निकटतम प्रान्तहरूमध्ये युन्नान एक हो। दुवै पक्ष असल छिमेकी मात्र होइन, विकासको बाटोमा एक अर्कालाई सहयोग गर्ने असल मित्र पनि हुन्।

२००९ सालमा कुनमिङबाट काठमाडौँ जाने सिधा उडान खुलेको थियो। २०१३ मा कुनमिङ र पोखरा मैत्री शहरको सम्बन्ध स्थापित भयो। पछिल्ला वर्षहरूमा युन्नान प्रान्तका नेताहरू धेरै चोटि नेपालका भ्रमण गरिसकेका छन्। चीन-दक्षिण एसिया एक्सपो, दक्षिण एशिया र दक्षिण-पूर्व एशिया कमोडिटी प्रदर्शन र लगानी तथा व्यापार मेला, चीन-दक्षिण एशिया सहयोग फोरम युन्नानमा आयोजित बेलामा नेपालले आफ्ना उच्चस्तरीय प्रतिनिधि मण्डलहरू पठाएको छ। निकट सम्पर्कहरूले जोडदार सहयोग ल्याएका छन्।

२०१८ मा युन्नान र नेपालबीचको व्यापार मात्रा १ करोड २० हजार अमेरिकी डलर थियो, जुन वार्षिक आधारमा ३४१% ले वृद्धि भयो। हालसाल दुई पक्षद्वारा हस्ताक्षरित ठेकेदार परियोजनाको अनुबन्ध मूल्य ४६.५ लाख अमेरिकी डलर पुगेको छ, जसमा जलविद्युत, राजमार्ग र चिनी उत्पादन आदि क्षेत्रहरू समाहित छन्। पूर्वाधार, सहयोग संयन्त्र र व्यापार तथा लगानीमा चौतर्फी सहयोग निरन्तर सुदृढ हुँदै गएको छ, ताकि साधारण मानिसहरूलाई आफ्ना सपना साकार गर्न र लाभांश बाँड्नका लागि एउटा फोरम प्राप्त भएको छ।

नेपाली शिल्पकार सुजन नेपालको प्रसिद्ध हस्तशिल्प परिवारबाट आएका हुन्। २०१३ मा पहिलो साउथ एक्सपोमा सम्मिलित भएदेखि सुजन कुनमिङको नियमित भ्रमणकर्ता हुन्। किनकि यहाँ उनले चीनमा एउटा व्यापारी भेट्टाए र चीनका बढी स्थानमा हस्तशिल्पहरू बेचे।

नेपाली 'पोस्ट ९०' केटा कुमारले पाँच वर्षअघि टुर गाईड शुरु गरे। चिनियाँ पाहुनाहरूसँग राम्रोसँग कुराकानी गर्न उनले चिनियाँ भाषा आफै पढेका छन्।

**फोकस**

यसवर्षको जुनमा कुमार चीन आए जहाँ उनी लामो प्रतीक्षामा थिए र २०१९ व्यापार मेलामा भाग लिन कुनमिङ गए। उनले भने, प्रदर्शनीबाट मैले राम्रो आम्दानी पाएँ र अझ महत्त्वपूर्ण कुरा के हो भने चिनियाँ साथीहरूलाई नेपालको परिचय दिएँ। अब उनको 'वी च्याट मित्र सर्कल' अक्सर चिनियाँ पर्यटकहरूलाई नेपाल भ्रमण गराउँदा सँगै लिएको फोटो खुसीयालीका साथ प्रदर्शित गर्छन्।

**मित्रताको गीत गाऔँ**

सहस्राब्दीको सुरुमै दक्षिणी सिल्क रोड र चिया हर्स रोडले युन्नान र नेपाललाई नजिकै जोडेको थियो। युन्नान र नेपाली जनताका बीच हार्दिक हृदय छ। दुई देशबीचको मित्रताको गीत समयानुकूल हिमालय पार गरी अझ बढी गतिशील हुनेछ। युन्नान इन्टरप्राइज सिनची समूहले स्थापना गरेको सिनची चिनियाँ पुस्तक कार्यालय, काठमाडौँ नेपाल र चीनको आदानप्रदानको झ्याल हो। २०१५ सालमा नेपालमा ठूलो भूकम्प गयो, युन्नानका सबै क्षेत्रले छिटो र जतिसक्दो मद्दत पुऱ्याएको थियो। युन्नान विश्वविद्यालय र नेपालले चीन-नेपाल मैत्रीका उत्तराधिकारी प्रशिक्षण गर्न सक्रिय सहयोग गरेका छन्। २०१८ चीन र नेपाल अन्तर्राष्ट्रिय वसन्तोत्सव समारोहमा युन्नान लोक नाचगान र नेपाली परम्परागत कलाका झल्झलाकार थियो। यस वर्षको जुनको अन्त्यमा नेपाली डुगर समूह र रिजिङ बैंकका अध्यक्ष मोतीलाल डुगर दम्पत्तिले कुनमिङमा उनीहरूको ५० औँ विवाह वार्षिकोत्सव मनाए। डुगर परिवारका साना ठूला सदस्यहरू युन्नान मित्रहरूका साथै गाउँदै र नाच्दै एउटै परिवार जस्तै भए।

'अहिले धेरै नेपाली चीनमा घुम्न, पढ्न जान्छन् र जीवनको महत्त्वपूर्ण क्षणहरू साक्षी दिँदै विवाह समारोह मनाउन जान्छन्। यो धेरै नेपालीका लागि सुन्दर अनुभव भएको छ।' चीनमा नेपाली राजदूत लिलामणि पौडेलले यस अघि चिनियाँ मिडियालाई अन्तर्वार्ता गर्दा यसरी भने। कुनमिङ मेडिकल युनिभर्सिटीमा चार वर्षसम्म अध्ययन गरिरहेकी नेपाली युवती पूजा गुरुङका लागि चीनबाट प्राप्त ज्ञान र मैत्री आफ्नो मातृभूमिमा पुऱ्याउनु उनको सपना हो।

पूजाले भनिन्, 'युन्नानमा विगतका केही वर्षमा शिक्षकहरूले व्यावसायिक सीपहरू सिकाएका छन्, सहपाठी, साथीहरू र अपरिचितहरू समेत न्यानो र सद्भावपूर्ण छन्। मैले युन्नान र मेरो युनिभर्सिटीलाई नेपालका मेरा साथीहरूलाई सिफारिस गरेँ। उनीहरू पनि अध्ययन गर्न चीन आउन चाहन्छन्।'

*(युन्नान दैनिक पत्रिका)*

## सीका भनाइ

**'बेल्ट एण्ड रोड' अन्तर्राष्ट्रिय सहयोगको रूपरेखाभित्र सबै पक्षहरूले आपसी सहकार्य, संयुक्त निर्माण र साझेदारीका सिद्धान्तहरू पालना गर्ने, विश्व अर्थतन्त्रमा परेका चुनौतीहरू सामना गर्नका लागि मिलेर काम गर्ने, विकासको नयाँ अवसर सिर्जना गर्ने, नयाँ विकासको गति खोज्ने, नयाँ विकासको क्षेत्र विस्तार गर्ने, फाइदा परिपूरक गर्ने, पारस्परिक लाभ र जीत-जीत गर्ने र मानव भाग्य समुदायको लागि जारी राख्नुपर्छ। यो मेरो यो पहलको मूल अभिप्राय हो र यो पहलमार्फत उच्चतम लक्ष्य प्राप्त गर्ने मेरो आशा छ।**

*(मई १५, २०१७ मा 'बेल्ट एण्ड रोड' अन्तर्राष्ट्रिय सहयोग शिखर फोरमको राउन्ड टेबल शिखर सम्मेलनमा उद्घाटन भाषणबाट उद्धृत )*

## दुवै देशका जनताको कल्याणका लागि कृषि सहयोग अपेक्षित

सेप्टेम्बर २३ तारिख चिनियाँ किसानको हार्वेस्ट फेस्टिवल हो। यस दिनमा नेपालका कृषि र वनका विशेषज्ञ सैलेश रंजितकार कुनमिङ आएर त्यहाँका किसानहरूसँग फसल मनाउन फुमिङ काउन्टी गए। धेरै पहिले सैलेश रंजितकारले युन्नानका बोटबिरुवाहरू खास गरी अल्पसंख्यक जातिका औषधीय बोटहरू एकदम धनी छन् भन्ने कुरा थाहा पाए। २००९ मा जब उनले आफ्नो कालेज र कुनमिङ प्लान्ट अनुसन्धान संस्थानबीच सहयोग भएको थाहा पाए, उनले तुरुन्तै युन्नान आउने निर्णय गरे। यो वर्ष उनी युन्नान आएको १०औँ वर्ष हो।

'मेरो अनुसन्धान क्षेत्र एथ्नो बोटानिक्स, एकोलोजी, जलवायु परिवर्तन र कृषि तथा वन शास्त्र हो। युन्नानको विविध उचाइ र मौसमको अवस्थाले मलाई धेरै शोध अवसर प्रदान गरेको छ', शैलेश रंजितकारले भने, 'युन्नान र नेपालको भौगोलिक स्थिति समान छ।' युन्नानको जमिन सुधार, फलफूल सुक्खा पार्ने र च्याउ उमार्ने प्रविधि नेपाललाई धेरै आकर्षित गरेको छ। दुवै क्षेत्रबीचको समान भौगोलिक वातावरणको उपयोग गर्ने र संयुक्त रूपमा नयाँ उत्पादनहरूको विकास गर्ने र नयाँ बजार खोल्ने विषयहरू आशाजनक छन्।

प्रत्येक वर्ष कुनमिङमा आयोजित चीन-दक्षिण एशिया टेक्नोलोजी ट्रान्सफर एण्ड इनोभेसन कोअपरेसन सम्मेलन चीन र नेपालको सहयोगको लागि महत्त्वपूर्ण प्लेटफर्म हो। सैलेश रंजितकारले यस सम्मेलनमा लगातार ३ वर्षसम्म भाग लिएका छन् र हरेक पटक उनी चीन र नेपाललगायत दक्षिण एशियाली देशहरूमा कृषि प्रविधि सहयोगको नवीनतम सूचनाहरू जान्न सक्छन्।

'मेरो विचारमा, कुनमिङ निस्सन्देह दक्षिण एशिया र दक्षिण-पूर्व एशियाका देशहरूसँग चीनको सम्बन्धको केन्द्र बन्न गइरहेको छ।' उनले भने, युन्नानको अर्थतन्त्र द्रुत गतिमा विकास भइरहेको छ र अन्तर्राष्ट्रियीकरण हुँदै गइरहेको छ। साथै युन्नान र नेपाल दुवैका विभिन्न जातीय संस्कृति छन् र विभिन्न जातीय समूहको एकीकरणले उनलाई अत्यन्त सौहार्दपूर्ण महसुस गराएको छ। अब उनी र उनकी श्रीमती र बच्चाहरू कुनमिङमा बस्दछन् र सबै परिवारहरू युन्नानलाई झन मन पराउँछन्।

'मलाई सबैभन्दा बढी आशा छ कि दुवै पक्षको सहयोग जारी रहन सक्छ', शैलेश रंजितकारले भने, 'नेपाल र चीनले कृषि क्षेत्रमा अझ बढी प्राविधिक र कर्मचारी आदानप्रदान र सहयोग गरेर दुई देशका जनतालाई फाइदा ल्याओस् भनेर म आशा गर्दछु।' *(ल्यु जियु वाङ जिङचोङ)*

## चीन-नेपाल मित्रता पुस्तौँसम्म जारी रहोस्

विद्यार्थीहरू नेपाली भाषामा मेलो नाटक प्रदर्शन गर्ने, युन्नानको प्राकृतिक दृश्य र चीजबीजका बारेमा सानो भिडियो तयार पारी नेपाली भाषामा डबिङ गर्ने... युन्नान मिनजु विश्वविद्यालयमा नेपाली भाषा क्लासको दृश्य यही हो। २०१७ मा युन्नान मिनजु विश्वविद्यालयले नेपाली भाषा पढाउन थाले र दक्षिण-पश्चिमी चीनमा नेपाली भाषा पढाउने पहिलो उच्च शिक्षा संस्था हो।

युन्नान केटी ह श्याउलिङ, लुङ मिन र चाङ सिजिया यस स्कुलका नेपाली पढ्ने कक्षा २ का विद्यार्थी हुन्। उनीहरूले भने, नेपाली भाषाको पहिलो छाप यसप्रति हाम्रो उत्सुकता हो। नेपाली सिक्न सजिलो छैन। सुरुमा तपाईंले प्रत्येक वर्ण चित्र जस्तै कोर्नु पर्छ। धेरै शब्दहरू चिनियाँमा तेबल गर्नुपर्छ। अध्ययन अगाडि बढ्दै जाँदा सबैले थाहा पाए कि नेपालमा सुन्दर दृश्य र विविध जातीय संस्कृतिकहरू छन्। हामी नेपालप्रति मोहित भएका छौँ र नेपाली भाषाप्रति रुचि बढाउँदै जान्छौँ।

युन्नान मिनजु विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबिच सहयोग सम्झौता छ। युन्नान मिनजु विश्वविद्यालयका नेपाली पढ्ने विद्यार्थीहरू कालेज आएको २ वर्षपछि नेपालमा १ वर्षको लागि अध्ययन गर्न जान सक्छन्। त्रिभुवन विश्वविद्यालयले हरेक वर्ष युन्नान मिनजु विश्वविद्यालयमा एकजना नेपाली शिक्षकलाई पढाउन सिफारिस गर्दछ।

ह स्याउलिङले भनिन्, 'नेपाली शिक्षकसँग कुराकानी गरेर अथवा नेपाल गएर आफै हेरेर तपाईंले नेपालको आकर्षण र चीन-नेपाल सहयोग फस्टाउने प्रवृत्ति महसुस गर्न सक्नुहुन्छ। हामीले नेपाली राम्ररी सिक्नुपर्छ। चीन र नेपालबीचको आदानप्रदान दिनदिनै बढ्दै जान्छ, तपाईंलाई नेपाली जति आउँछ त्यति नै उपयोगी हुन्छ।'

नेपालीप्रति विद्यार्थीको उत्साह देखेर नेपाली पढाउने चिनियाँ शिक्षिका वङ्ग लिङजिया भित्री मनदेखि खुसी भइन्। उनले भनिन्, 'निरन्तर पढ्ने र पढाउने क्रममा दुई देशबिचका मित्रताबाट म प्रभावित छु।' उनी शिक्षकको हैसियतमा आफ्ना जिम्मेवारीबारे बढी सजग भइन्। 'जब हामीले आफ्नो काम सुरु गरेका थियौँ, हामीले नेपाली पढाउने शिक्षक खोज्नुपऱ्यो। मैले पहिले मलाई सिकाउनुभएको नेपाली गुरुलाई सम्पर्क गरेँ। हाम्रो आवश्यकता थाहा पाएर गुरुजी चीनमा आउन पटक्कै हिचकिचाउनु भएन। हाम्रा विद्यार्थीहरू अध्ययन गर्न नेपाल गएका थिए, त्यहाँ उनीहरूलाई नेपाली साथीहरू सकभर हेरविचार गरिरहेका छन्। हरेक पटक जब म यो सम्झन्छु, मेरा भावनाहरू वास्तवमै शब्दहरूमा वर्णन गर्न सकिँदैन।' यति कुरा गर्दा कि वङ्ग लिङजियाले मन थाम्न सकिनन्। उनले भनिन्, 'विद्यार्थीहरूलाई राम्ररी सिकाउनुपर्छ र चीन-नेपाल मित्रतालाई निरन्तरता दिनुपर्छ।'

*(ल्यु जियु हान चेङ्युआन)*

## मिडिया सहयोगबाट नेपाली जनता वास्तविक चीन देख्न पाउँछन्

डिसेम्बर २०१७ देखि युन्नान दैनिक समाचारपत्र समूह र नेपालमा 'जनआस्था' राष्ट्रिय साप्ताहिकमा 'युन्नान-चीन' समाचार विशेष पत्रिका प्रकाशित भएको छ। नेपाल-चीन मिडिया फोरमका अध्यक्ष किशोर श्रेष्ठले एक साक्षात्कारमा भनेका थिए कि 'युन्नान-चीन' समाचार विशेष पत्रिका नेपाल र चीनको मैत्रीको प्रतीक हो।

उनले भने, 'युन्नान-चीन' समाचार विशेष पत्रिकाले नेपाली भाषामा नेपाली पाठकहरूलाई चीनको, विशेष गरी युन्नानको सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक विकासको बारेमा जानकारी गराएको छ र नेपाली पाठकहरूले यसको हार्दिक स्वागत गरेका छन्। मिडियाले दुई देशका लागि धेरै महत्त्वपूर्ण भूमिका खेल्छ। नेपाल अब देशको विकास र समृद्धिमा प्रतिबद्ध छ। नेपाल र चीन बीचको मिडिया सहयोगले विकासको अनुभवहरू आदानप्रदान गर्न सकिन्छ।'

अहिले धेरै नेपाली पत्रकारहरू 'बेल्ट एण्ड रोड' जस्ता चीनका प्रमुख पहलहरूलाई बुझ्न र नेपाली जनतालाई रिपोर्ट गर्न, नेपाल र चीनबीचको व्यापार, संस्कृति र

**फोकस**

पर्यटनका सहयोग जानकारी गराउन चीनभर अन्तर्वार्ता लिइरहेका छन्। १९९७ देखि आजसम्म किशोरले १५ भन्दा बढी पटक युन्नानको भ्रमण गरिसकेका छन्। प्रत्येक पटक उनले युन्नानको विकास र प्रगतिको महसुस गरे। उनले भने, 'युन्नानले नेपाललगायत धेरै देशहरूका लागि अन्तर्क्रियाको च्यानल स्थापना गरेको छ। समाचार मिडियाको क्षेत्रमा युन्नानले नेपाली पत्रकारहरूलाई चीनलाई गहिरोसँग जान्न र नेपाल-चीनका सञ्चारकर्मीहरूलाई आदानप्रदानको मञ्च बनाउन अवसर प्रदान गर्न सक्नेछ।'

गत वर्षको जुलाइमा नेपाल र युन्नानले 'फ्युचर कम्युनिकेटर' कार्यक्रम सुरु गर्न सहयोग गरे, जुन भविष्यको सञ्चारकर्मीलाई तालिम दिन सक्छ। किशोरले भने, 'नेपाल र चीनले संयुक्त रूपमा मिडियाका विद्यार्थीहरूलाई शिक्षा दिन, उनीहरूलाई दुई देशका संस्कृति, इतिहास, अर्थव्यवस्था र विकाससँग परिचित गराउन सक्छ। यसबाट दुवै पक्षका जनतालाई सत्य र भरपर्दो सूचना पुऱ्याउन मद्दत दिन सकिन्छ। मिडियाको गहिरो सहयोगमा हामी अपेक्षित छौँ र अझ नजिकको सम्बन्ध राख्ने छौँ।' *(ल्यु जियु)*

## युन्नान र नेपालबीच आदानप्रदानका मुख्य घटनाहरू

**२००९**

**कुनमिङदेखि काठमाडौँसम्म सिधा उडान खोलियो।**

**जुन २०१३**

**जुन २०१३ मा पहिलो चीन-दक्षिण एशिया एक्सपो एवं २१ औँ चीन कुनमिङ आयात निर्यात कमोडिटी मेला कुनमिङमा सम्पन्न भयो।**

दक्षिण एक्सपो चीन र युन्नान बीच आर्थिक र व्यापारिक सहयोग र सांस्कृतिक आदानप्रदानको नयाँ प्लेटफर्म बन्न पुगेको छ। हरेक दक्षिण एक्सपोको बेला नेपालका उच्चस्तरीय सरकारी अधिकारीहरू र धेरै व्यापार प्रतिनिधिहरू उपस्थित हुन्छन्।

**जुलाई २०१३**

**जुलाई २०१३ मा कुनमिङ र पोखराबीच मैत्री शहर सम्बन्ध स्थापित भयो।**

**जुन २०१४**

**जुन २०१४ मा दोस्रो चीन-दक्षिण एशिया एक्सपो एवं २२ औँ चीन कुनमिङ आयात निर्यात कमोडिटी मेला कुनमिङमा सम्पन्न भयो।**

नेपाल दोस्रो दक्षिण एक्सपोको थिम देश हो।

**जुन २०१५**

**जुन २०१५ मा तेस्रो चीन-दक्षिण एशिया एक्सपो एवं २३ औँ चीन कुनमिङ आयात निर्यात कमोडिटी मेला कुनमिङमा सम्पन्न भयो।**

**जुन २०१६**

**जुन २०१६ मा चौथो चीन-दक्षिण एशिया एक्सपो एवं २४ औँ चीन कुनमिङ आयात निर्यात कमोडिटी मेला कुनमिङमा सम्पन्न भयो।**

**जुन २०१७**

**जुन २०१७ मा २०१७ दक्षिण एशिया र दक्षिण-पूर्व एशिया देशका कमोडिटी प्रदर्शनी एवं लगानी र व्यापार मेला कुनमिङमा सम्पन्न भयो।**

व्यापार मेला र दक्षिण एक्सपो दुई वर्षमा वैकल्पिक रूपमा आयोजित गरिनेछ र यसले दुई देशको सहयोगलाई अझ मजबुत बनाएको छ।

**नोभेम्बर २०१७**

**नोभेम्बर २०१७ मा चीन-दक्षिण एशिया एक्सपो (नेपाल स्टेशन) काठमाडौँमा आयोजित भयो।**

यो दक्षिण एक्सपो पहिलो पटक चीनबाहिर शेयर भ्रमण हो।

**फेब्रुअरी २०१८**

**फेब्रुअरी २०१८ मा चीन-नेपाल ट्रान्सनेशनल स्प्रिंग फेस्टिवल पर्व काठमाडौँमा सम्पन्न भयो।**

**जुन २०१८**

**जुन २०१८ मा पाँचौँ चीन-दक्षिण एशिया एक्सपो, २५औँ चीन कुनमिङ आयात निर्यात कमोडिटी मेला युन्नानमा आयोजित भयो।**

पहिलो चीन-दक्षिण एशिया सहयोग फोरम एकै समयमा युन्नानमा आयोजना गरिएको थियो, जसले चीन (युन्नान) र नेपालबीच सहयोगका लागि नयाँ स्थिति सिर्जना गरेको थियो।

**जुन २०१९**

**जुन २०१९ मा दक्षिण एशिया र दक्षिण-पूर्व एशिया कमोडिटी प्रदर्शनी एवं लगानी र व्यापार मेला तथा दोस्रो चीन-दक्षिण एशिया सहयोग फोरम युन्नानमा आयोजित भयो।**

*नेपालीबाट चिनियाँमा अनुवाद : ह ठाव रूङ*